# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक १४३ | काठमाडौं | बुधबार, २७ भदौ २०८० | Prabhab National Daily | Wednesday, September 13, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|–





# ‘सुवास’ छाडेर गए सुवास

■ जेबी योञ्जन

**काठमाडौं–** महिलाहरूको कपाल फुङ्ङ छ । कुनातिर बसेका उनीहरूको चेहरामा फिकापन छ । अर्थात् पूरै उदासउदासमा छन् । केही भने सुँकसुँकाइरहेका छन् ।

अगाडितिर चाहिँ पुरुषहरूको झुरूपप भीड छ । ठिंग उभिएका उनीहरू पनि मौन छन् । चेहरा हेर्दै प्रस्टिन्थ्यो कि उनीहरू पूरै बेचैनीमा छन् ।

अनि, तन्किएर भीडबीचमा हेरें । चीर निद्रामा देखिए- संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङ । र, पो भीड शोकमग्न रहेछ । कुनातिर सुँकसुँकाइ रहेछ । यो दृश्य मंगलबार बिहान त्रिवि शिक्षण अस्पताल महाराजगञ्जको शवगृहको हो ।

नेम्वाङसँग पछिल्लोपटक १८ जेठमा अन्तर्वार्ता गरेको थिएँ । नागरिकता विधेयक प्रमाणीकरणबारे गरिएको अन्तर्वार्तापछि उनले भनेका थिए, ‘फेरि भेटौंला है ।’

तर, मंगलबार बिहानै चीर निद्रामा भेटिएँ । अघिल्ला भेटहरूमा ‘अभिवादन’ गर्थें । यसपटक ‘श्रद्धाञ्जली’ भन्न विवश भएँ । जसले भेटहरूमा पाँचथरको हालखबर सोध्थे । पाँचथरबारे चासो राख्थे । कारण- नेम्वाङको पुर्ख्यौली थलो पाँचथर सदरमुकाम फिदिम बजारमाथिको गाउँ हो । यो गाउँलाई माथिल्लो भनिन्छ ।

यस आधारमा नेम्वाङको भौगोलिक साइनो पाँचथरसँग छ । जहाँ मेरो पनि घर छ । घरिघरि नेम्वाङ पुर्ख्यौली थलोमा जान्थे । लालिखर्कडाँडाको फेदीमा रहेको पूर्वजको भूमिमा गएर उनी फर्किन्थे । अझै उनका काकाबढौका सन्तानहरू त्यहीँ छन् ।

नेम्वाङ जन्मिहुर्केको घर भने इलामको सुन्तालाबारीमा हो । बुबा रामबहादुर (तत्कालीन अञ्चलाधीश) सुन्तालाबारी आएर बसेपछि नेम्वाङ इलामवासी भए । उनको जन्म २८ फागुन २००९ मा (बाँकी पृष्ठ ३ मा)

## नेम्वाङलाई राजकीय सम्मान

## बिहीबार पशुपतिमा अन्त्येष्टि, उक्त दिन सार्वजनिक बिदा


श्रद्धाञ्जली दिनेको भीड (तस्बिरहरु) – *पृष्ठ २*

आदिवासी जनजाति नेतृत्वको नजरमा नेम्वाङ– *पृष्ठ ४*

नेम्वाङको अवसानले इलाम शोकमग्न – *पृष्ठ ५*


**जन्म** : २८ फागुन २००९
**जन्मस्थान** : सुन्तालाबारी, इलाम
**निधन** : २६ भदौ २०८०
**राजनीति सुरू** : २०२९ देखि
**राष्ट्रिय सभा सदस्य** : २०४८ र २०५१
**कानुन र सामान्य प्रशासनमन्त्री** : २०५१
**प्रतिनिधिसभा सदस्य** : २०५६
**सार्वजनिक लेखा समिति सभापति** : २०५६
**सभामुख** : २०६३
**संविधानसभा सदस्य** : २०६४ र २०७०
**संविधानसभा अध्यक्ष** : २०६४ र २०७०
**प्रतिनिधिसभा सदस्य** : २०७४ र २०७९
**एमाले संसदीय दलका उपनेता** : २०७९
**एमाले उपाध्यक्ष** : २०७८ देखि

## सम्झनामा नेम्वाङ

*संविधानसभा अध्यक्ष सुवास नेम्वाङको अप्रत्यासित निधनले मर्माहत र स्तब्ध छु ।*
■ **रामचन्द्र पौडेल**, राष्ट्रपति

*सन्तुलित भूमिका, सहमतिको पक्षधर र कानुन तथा संविधानको जानकार नेता सुवास नेम्वाङको निधनबाट मुलुकले एकजना भद्र, शालीन, मृदुभाषी र मिलनसार नेता गुमाएको छ ।*
■ **रामसहायप्रसाद यादव**, उपराष्ट्रपति

*मृदुभाषी, शालीन व्यक्तित्वका धनी, समन्वयकारी गुण भएका नेकपा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको अप्रत्यासित र अकल्पनीय निधनको खबरले स्तब्ध । उहाँको निधनले सिंगो राष्ट्रलाई अपूरणीय क्षति पुगेको छ ।*
■ **विद्यादेवी भण्डारी**, पूर्वराष्ट्रपति

*प्रतिनिधिसभाले एक असल, लोकप्रिय र काबिल सदस्य गुमाएको महसुस गरेको छु ।*
■ **देवराज घिमिरे**, सभामुख

*संविधानसभाका अध्यक्ष तथा पूर्वसभामुख कमरेड सुवास नेम्वाङको असामयिक निधनको खबरले मर्माहत भएको छु । दिवंगत कमरेड नेम्वाङप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछु ।*
■ **पुष्पकमल दाहाल**, प्रधानमन्त्री

*नेकपा एमालेका उपाध्यक्ष एवं संविधासभा अध्यक्ष सुवास नेम्वाङजीको निधनले स्तब्ध भएको छु । उहाँको आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दछु ।*
■ **शेरबहादुर देउवा**, कांग्रेस सभापति

*सुवास नेम्वाङजी मेरा लागि पार्टीको उपाध्यक्षमात्र नभएर हितैषी मित्र र सुखदुःखको साथी हुनुहुन्थ्यो । लोकतान्त्रिक संविधान निर्माण गर्न उहाँले पुऱ्याउनुभएको योगदान सधैं सम्झिर हने छौं ।*
■ **केपी शर्मा ओली**, एमाले अध्यक्ष

सन्दर्भ : वैदेशिक रोजगार

राजदूतहरूलाई प्रधानमन्त्रीको निर्देशन

# श्रमिकको हितलाई केन्द्रमा राखेर काम गर्नू

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले विदेशस्थित नेपाली दूतावासका राजदूतलाई नेपाली श्रमिक तथा कामदारको हितलाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मंगलबार आयोजित श्रम आप्रवासनसम्बन्धी समस्या र तिनको समाधानसम्बन्धी अन्तरक्रियामा उनले विदेशमा रहेका नेपाली कामदारले अनेकन समस्या झेल्नुपरेकामा ध्यानाकर्षण गराउँदै उक्त निर्देशन दिएका हुन् ।

सरकारले पहिलोपटक विदेशस्थित नेपाली राजदूतलाई बोलाएर नेपाली श्रमिक तथा कामदारले भोग्नुपरेका समस्या र कठिनाइबारे छलफल गरेको हो । कार्यक्रममा राजदूतहरूले आफ्नो रिपोर्टका साथै आगामी कार्ययोजनासमेत प्रस्तुत गरेका थिए । प्रधानमन्त्री दाहालले अन्तरक्रियामा राजदूतले उठाएका विषय सम्बोधन गर्दै निर्देशित गरेका छन् । सम्बोधनमा उनले अन्तर्राष्ट्रिय कूटनीतिक सम्बन्ध, नेपालको पर्यटन प्रवर्द्धन र विदेशमा कार्यरत नेपाली श्रमिकको हितलाई केन्द्रमा राखेर काम गर्न जोड दिएका हुन् ।

‘नेपाली श्रमिक तथा कामदारको सुरक्षित र मर्यादित आप्रवासनमा यस प्रकारको छलफलले महत्त्वपूर्ण योगदान गर्ने मैले विश्वास लिएको छु,’ प्रधानमन्त्री दाहालले भने ।

पछिल्लो समय आन्तरिक रोजगारीमा देखापरेको अप्ठेरो अवस्थामा वैदेशिक रोजगारीले देशको युवा जनशक्तिलाई रोजगारी सिर्जनाको क्षेत्रमा सहयोग पुयाएको उनको भनाइ छ । मुलुकको भुक्तानी सन्तुलनमा सहयोगलगायत पुँजी, सीप र प्रविधिले नेपालको विकासमा महत्त्वपूर्ण योगदान गर्नुका साथै नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र मित्रतामासमेत सहयोग पुगेको प्रधानमन्त्री दाहालले उल्लेख गरे ।

‘वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिक ठगीमा पर्ने, मानवअधिकारको प्रत्याभूति र समयमै राहत उद्धार हुन नसक्नु र कार्यस्थलमा विभिन्न प्रकारका जोखिममा पर्नुलगायत समस्याको सामना गरिरहेका छन्, यसको सम्बोधन हाम्रो गम्भीर चासोको विषय रहेको छ,’ उनले भने । नेपालीको हकहित संरक्षण हुने, न्यूनतम सेवा सुविधाको प्रत्याभूति हुने, सामाजिक सुरक्षाको सुनिश्चितता र गुनासो सुनुवाइको प्रभावकारी संयन्त्र विकास गर्दै श्रम आप्रवासनलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न श्रम कूटनीतिलाई थप प्रभावकारी बनाउनुपर्ने प्रधानमन्त्री दाहालको भनाइ छ ।

‘कुनै पनि नेपाली नागरिक विदेशी भूमिमा समस्यामा परेको बेला कूटनीतिक नियोगले गुनासो सुनुवाइ गरेनन् भन्ने अवस्थाको अन्त्य गर्न यहाँको ध्यान जानेछ । म परराष्ट्र मन्त्रालय, राजदूत र श्रम प्रशासनसँग सम्बद्ध सबै निकायलाई नेपालीको हकहितका लागि गम्भीर भएर क्रियाशील हुन निर्देशित गर्दछु,’ उनले भने ‘हामीले एकातिर देशभित्रै आन्तरिक रोजगारीको अवसरमा वृद्धि गर्नुपर्नेछ भने अर्कोतर्फ वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नुपर्नेछ ।’

व्यापार घाटा नेपालको अर्थतन्त्रको ठूलो चुनौतीका रूपमा रहिआएको स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले देशगत तथा वस्तुगत व्यापार विविधीकरण गरी व्यापार सन्तुलनलाई मुलुकको पक्षमा कायम गर्नुपर्ने भएकाले त्यसमा सक्रिय भूमिका रहनुपर्नेमा जोड दिए । वैदेशिक रोजगारीमा जाने श्रमिकलाई प्रदान गरिने सबै प्रकारका कन्सुलर सेवालाई सूचना प्रविधिमा आधारित बनाउँदै सहज र प्रभावकारी रूपमा सेवा प्रवाह गर्न प्रधानमन्त्री दाहालले निर्देशन दिए ।

‘वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने कामको सुरूआत भइसकेको छ । यसलाई प्रभावकारी बनाउँदै गन्तव्य मुलुकमासमेत उपलब्ध सामाजिक सुरक्षाका योजनामा श्रमिक आबद्ध हुने व्यवस्था मिलाउन प्रभावकारी भूमिका खेल्नुपर्दछ,’ प्रधानमन्त्री दाहालले भने, ‘केही समयभित्रै विदेशमा रहेका सम्पूर्ण श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने सरकारको लक्ष्य रहेकामा उक्त लक्ष्य हासिल गर्न क्रियाशील रहन सम्पूर्ण राजदूतलाई निर्देशित गर्दछु ।’

दुईपक्षीय श्रम सम्झौता पुनरवलोकन र विस्तार, मागपत्रको प्रमाणीकरण, कानुनी प्रतिरक्षा, घरेलु कामदारसँग सम्बन्धित समस्याको सम्बोधन, सुरक्षित आवास, अभिलेख नभएका श्रमिकको अभिलेखीकरणलगायत विषयमा तत्काल कार्ययोजना बनाई काम सुरु गर्नसमेत प्रधानमन्त्री दाहालले आग्रह गरे । यस अन्तरक्रियाबाट विदेशमा रहेका नेपाली श्रमिकका समस्या समाधान गर्न, नेपालको कूटनीतिक क्षमतालाई सुदृढ र विस्तार गर्न, देशभित्र विदेशी लगानीको वातावरण सिर्जना गर्न एवं नेपालको बहुआयमिक विकासमा महत्त्वपूर्ण योगदान पुग्ने उनले विश्वास व्यक्त गरे ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेशन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# नेम्वाङप्रति श्रद्धाञ्जली अर्पणका तस्बिरहरु


















*सबै तस्बिरः रासस*

# सहमति, सहकार्य र एकताको मियो थिए नेम्वाङ

■ नारायण न्यौपाने

**काठमाडौं–** नेपाली राजनीतिमा निकै परिपक्व, शालीन, समन्वयकारी र सबैलाई मिलाएर लैजान सक्ने साझा व्यक्तित्त्वको छवि बनाएका संविधानसभाध्यक्ष सुवास नेम्वाङको निधनले नेपाली राजनीतिमा अपूरणीय क्षति पुगेको छ ।

वि.सं. २००९ मा माता अपिन्द्रकुमारी र पिता रामबहादुर नेम्वाङको सुपुत्रका रूपमा जन्मिएका नेम्वाङ नेपालको राजनीति र संवैधानिक क्षेत्रकै सुपरिचित व्यक्तित्व थिए । उनले प्रतिनिधिसभा र अन्तरिम व्यवस्थापिकको सभामुख तथा पहिलो र दोस्रो संविधानसभा अध्यक्ष, नेकपा एमालेको उपाध्यक्ष र संसदीय दलको उपनेताको जिम्मेवारी सम्हाले ।

इलाम नगरपालिका-७ सुन्तलाबारी स्थायी ठेगाना रहेका नेम्वाङ पछिल्लो समय बालुवाटारस्थित निजी निवासमा बस्दै आएका थिए । प्राध्यापन, वकालत र राजनीतिलाई पनि उनले सँगसँगै अघि बढाएका थिए । उनको सबैलाई मिलाएर लैजान सक्ने समन्वयकारी क्षमताले समकालीन नेपाली राजनीतिका पत्याइएका अभिभावकजस्तै थिए । संसद् सञ्चालनका क्रममा तत्काल आएका चुनौतीलाई सहजरूपमा अघि बढाउन खप्पिस नेम्वाङ प्रतिवाद गर्ने नेता तथा सांसदलाई व्यंग्यात्मक र मीठो शैलीमा जवाफ दिएर सभालाई रोचक बनाउँथे ।

वि.सं. २०५६, २०६४, २०७०, २०७४ र २०७९ को चुनावमा इलाम निर्वाचन क्षेत्र नं २ बाट विजयी नेम्वाङले नेपालको संसदीय लोकतान्त्रिक अभ्यासमा आफूलाई परिपक्व राजनीतिज्ञको रूपमा प्रमाणित गराउन सफल भए ।

पार्टीभित्र कतिपय मुद्दामा फरक विचार र धारणा राख्दै आएका नेम्वाङ पछिल्लोपटक दलले गर्दै आएको संसद् अवरोधप्रति असहमति जनाउँदै अभिव्यक्ति दिएका थिए । दलहरूबीच बेलाबखत घटना विशेषका कारण देखिने तीक्ततालाई निरन्तर वार्ता र संवादबाट सहमतिमा पुग्न सकिने धारणा राख्नुहुने नेम्वाङले सबैसँग भेटघाट र वार्ता छलफलका लागि सहज थिए ।

सञ्चारकर्मीसँग निरन्तर सम्पर्कमा रहने नेम्वाङ कुनै घटना र सूचना प्राप्त गर्नासाथ त्यसको पुस्टचाइँ र सूचना दिन निकै सहज थिए । उनका पिता स्व. रामबहादुर न्यायाधीश थिए भने छोरा सुहाङ नेम्वाङ पनि कानुन व्यवसायी नै छन् । कानुनसहित दुई विषयमा स्नातक नेम्वाङ लामो समय प्राध्यापन पेसामा रहेकाले पार्टी प्रशिक्षणमा पनि अब्बल थिए ।

उनका श्रीमती, दुई छोरा र दुई छोरी छन् । सधैँभर सिंहदरबारस्थित संसदीय दलको कार्यालय रहने नेम्वाङ गत शनिबार गृहजिल्ला पुगेर फर्केपछि रुघाखोकी लागेका कारण आएनन् । संविधानसभाबाट संविधान जारी गर्ने क्रममा उनले खेलेको भूमिका निकै महत्त्वपूर्ण रहेको उनका सहकर्मी नेताहरू बताउँछन् ।

लोकतान्त्रिक समाजवादी पार्टीका नेता लक्ष्मणलाल कर्ण उनको योगदान स्मरण गर्दै भन्छन्, 'संविधानसभाबाट संविधान जारी गर्न उनको ठूलो योगदान छ, जसरी भए पनि संविधान जारी गर्नुपर्छ भनी त्यसबेला निकै चिन्तित थिए ।'

मुलुकका ऐन र कानुनप्रति धेरै जानकार भएका कारण उनले कानुनीरूपमा आउन सक्ने अड्चन र मार्गचित्रबारे सबै नेताहरूले सहजरूपमा स्वीकार गर्ने गरेको घटना नेता कर्णले सुनाए । नेता उनी भन्छन्, 'गाली गरे पनि हाँस्ने व्यक्ति, सबै दलका नेतासँग मित्रभाव राख्ने नेम्वाङ उच्चकोटीको राजनीतिज्ञ थिए ।' *रासस*


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०५/२७

यस कम्पनीको मिति २०८०/०५/११ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **गंगा कन्स्टक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. १८९०९७** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०५/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **गोसाईकुण्ड कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०५/२७ गते)

समाछीरीङ्ग गुरुङको नातिनी, निमा गुरुङको छोरी बिर बहादुर थापाको पत्नी कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं ०३ (साबिक म.न.पा. वडा नं ०३, कञ्चनपुर) हाल जोरायल गा.पा. वडा नं ०२, डोटी बस्ने नकि डोमा थापाको मिति २०८०/०१/१९ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बुडर शाखामा रहेको बचत खाता नं.१४१००८८१०५६००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोराले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय बुडरमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय बुडर, डोटी सम्पर्क नं. ०९४-४१००३९४०



## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०५/२७ गते)

सुबानसि थापाकी बुहारी, टेक बाहादुर थापा मगरकी छोरी, सुय बहादुर थापाकी पत्नी मकवानपुर जिल्ला, हेटौडा उप-महानगरपालिका वडा नं ०१ बस्ने धनदेवी थापाको मिति २०८०/०२/१२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको हेटौंडा शाखामा रहेको धनदेवी थापाको खाता नं. ०५८०१८२८३२४००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरी गायत्री थापाले यस बैंकको हेटौडा शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालयमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय हटौंडा, मकवानपुर फोन नं. ०५७-५२४१४३/२४३



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED COMPANY FOR PROVIDING SECURITY SERVICES FOR BUILDING

पूर्व स्वीकृति मिति : २०८०/०५/२६ | LT. No. 292434 | चलानी नं. ६०२०७१५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL LABOUR (INDOOR) | 100 | 0 | 85 | ३६५३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ३ गते (20th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NTA Machining (M) Sdn. Bhd.

पूर्व स्वीकृति मिति : २०८०/०५/२६ | LT. No. 292461 | चलानी नं. :६०२०७६११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 0 | 20 | 1500 | ४२,५६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ३ गते (20th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ताः** रु.२,००२/- कामदार आफैले
**सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३८/०७४/०७५

**S.And S.Human Resource Pvt. Ltd.**
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED NASSER BIN MUBARAK AL BUAINAIN GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०१/२६ | पून स्वीकृति मिति २०८०/०५/२६ | LT. No. 285695 | चलानी नं. ६०२०११५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 1 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ३ गते (20th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Fax : +977-1-4112759
E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PALAZZO HOTEL COMPANY

पूर्व स्वीकृति मिति २०७९/०९/०७ | पून स्वीकृति मिति २०८०/०५/२५ | LT No.278110 | चलानी नं ६०१९३६६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Boy | 2 | 0 | 95 | ४०,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | House Keeping | 7 | 7 | 100 | ४२९८९ | | | | | | | |
| 3 | Waiter / Waiteress | 10 | 10 | 120 | ५१,५८७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ३ गते (20th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Advik Trading and Contracting

पूर्व स्वीकृति मिति २०८०/०५/२६ | LT. No. 292329 | चलानी नं. ६०२०७६१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ADMINISTRATIVE SUPERVISOR | 9 | 0 | 3000 | १०९३४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 1300 | ४७३८२ | | | | | | | |
| 3 | GENERAL CLEAN WORKER | 3 | 4 | 1000 | ३६४४८ | | | | | | | |
| 4 | HEAVY VECHICLE DRIVER | 1 | 0 | 2200 | ८०१८६ | | | | | | | |
| 5 | Human Resource Specialist | 1 | 0 | 4500 | १६४०१७ | | | | | | | |
| 6 | Salesman | 1 | 0 | 1600 | ५८३१७ | | | | | | | |
| 7 | Supervisor | 1 | 0 | 3000 | १०९३४४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज ३ गते (20th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Aarambha H R Services Pvt.Ltd**
Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com
Website : www.aarambhahr.com
Govt.Lic. No. 1241/074/075

## ‘सुवास’ छाडेर...

पृष्ठ १ बाट जारी

भएको हो ।

उनै नेम्वाङ साढे ७० वर्षमा टेक्न दुई दिन बाँकी छँदा मंगलबार राति करिब १ बजे दिवंगत भए । नेम्वाङको निधनबारे कान्छा भाइ सुरेशले भनेका छन्, ‘अस्पताल ल्याइनपुऱ्याउँदै उहाँले छाड्नुभयो ।’ उनका अनुसार नेम्वाङको मृत्युको कारण चिकित्सकले ‘हृदयघात’ भनेका छन् ।

नेम्वाङको निधनको खबरलगत्तै काठमाडौं उपत्यकामा बस्ने पुर्ख्यौली जिल्ला पाँचथर र गृहजिल्ला इलामका आफन्तहरू अस्पताल पुगेका थिए । उनीहरू नेम्वाङको निधनले निकै दुःखी देखिन्थे । उनीहरूमध्ये धेरैको आँखा टिलपिल देखिन्थ्यो । नेम्वाङको पार्थिव शरीर अघि उभिएका कांग्रेस सहमहामन्त्री भीष्मराज आङ्देम्बेले भने- ‘स्तब्ध छु । कुनै शब्द छैन । हार्दिक श्रद्धाञ्जली ।’

दिवंगत नेम्वाङ दुईपटक संविधानसभा अध्यक्ष भएका नेता हुन् । उनी अध्यक्ष रहेको दोस्रो संविधानसभाले नेपालको इतिहासमै पहिलोपटक जनताका प्रतिनिधिले लेखेको संविधान ३ असोज २०७२ मा जारी गऱ्यो । जुन नेपाली जनताको सात दशक अघिको चाहना थियो । यसरी युगिन् महत्त्व राख्ने संविधान निर्माणको नेतृत्व गरेका नेम्वाङको निधनले मंगलबार बिहानै अस्पतालको शवगृहमा दुःखभाव व्यक्त भएको थियो ।

फेरि, यो संविधानमा संघीयता, गणतन्त्र, लोकतन्त्र, धर्मनिरपेक्षता, समावेशिता र समानुपातिक प्रणाली संस्थागत छ । देशलाई समाजवादी दिशामा डोऱ्याउने संविधानमै किटान छ । उत्पीडित वर्ग र समुदायको अधिकार अघिल्ला संविधानहरूमा भन्दा बढी छन् ।

सोही संविधान निर्माणको नेतृत्वकर्ता नेम्वाङको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गरेपछि पत्रकारहरूसँग उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले असल राजनीतिज्ञ देशले गुमाएको प्रतिक्रिया दिए । उनले नेम्वाङलाई युगले जन्माएको नेता भएको पनि बताए ।

श्रेष्ठभन्दा अघि झिसमिसेमै प्रधानमन्त्री पुष्पकमल दाहाल, एमाले अध्यक्ष केपी शर्मा ओली र सभामुख देवराज घिमिरेलगायत विशिष्ट व्यक्तिहरू पुगेर नेता नेम्वाङलाई श्रद्धाञ्जली अर्पण गरेका थिए ।

नेम्वाङ गत वर्षको २५ फागुनमा गणतन्त्र नेपालको तेस्रो राष्ट्रपतिका उम्मेदवार बनेका थिए । एमालेबाट उम्मेदवार बनेका उनी सत्ता गठबन्धनका राष्ट्रपति उम्मेदवार रामचन्द्र पौडेलसँग पराजित भए । पराजित भएसँगै राष्ट्रपति हुने नेम्वाङको चाहना पूरा भएन ।

उसो त उनलाई गत वर्षको १० पुसपछि एमाले-माओवादीसहितको गठबन्धन बन्दा प्रधानमन्त्री दाहालले साझा व्यक्तिको रूपमा राष्ट्रपतिका उम्मेदवार बनाउँदा उपयुक्त हुनेबारे ओलीलाई आग्रह गरेको विवरण सार्वजनिक भएको थियो । तर, ओली त्यसबेला सहमत नभएको र उनले नेताहरू ईश्वर पोखरेल र विष्णु रिमालमध्ये एकलाई राष्ट्रपतिको रूपमा अघि बढाउने भन्दै अड्डी कसे । कतिपय राजनीतिक विश्लेषकहरूका अनुसार एमाले-माओवादीलगायत दलहरू सम्मिलित गठबन्धन भत्किनुको एउटा कारण यही बन्यो ।

शवगृहमा नेम्वाङको पार्थिव शरीर हेर्दै कतिपय उनका शुभेच्छुकहरू यही कुरा गरिरहेका थिए । उनी पछिल्लो समय एमाले उपाध्यक्ष, इलाम-२ का सांसद र संसदीय दलका उपनेता थिए । उनी ती नेता पनि हुन्, जो नेपालको पहिलो र चर्चित कम्युनिस्ट प्रधानमन्त्री मनमोहन अधिकारीको मन्त्रिपरिषद्मा कानुन, न्याय तथा संसदीय मामिला र सामान्य प्रशासनमन्त्री भए । २०४८ र २०५२ मा राष्ट्रिय सभा सदस्य, २०५६ देखि प्रतिनिधि/संविधानसभा सदस्य भए । उनी राजनीतिमा बढी चर्चित भएको भनेको तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला मुछिएको लाउडा विमान भ्रष्टाचार काण्डपछि हो । २०५६ मा संसद्को सार्वजनिक लेखा समिति सभापति हुँदा उनले कोइरालालाई छानबिनको दायरामा तानेका थिए ।

उक्त संसद् भने तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले राजा ज्ञानेन्द्रमार्फत विघटन गराए । जुन २०६३ मा पुनःस्थापित भएपछि नेपालको अन्तरिम संविधान जारी भयो । उक्त संसद्को सभामुख नेम्वाङ नै थिए ।

यसपछि पहिलो संविधानसभा अध्यक्ष हुँदा देशलाई ‘धर्मनिरपेक्षता’ घोषणा गराउन पर्दापछाडिबाट सशक्त भूमिका निर्वाह गर्ने नेताको रूपमा उनलाई लिइन्छ । धर्मनिरपेक्षता पक्षधर तत्कालीन एक जना सभासदका अनुसार नेम्वाङले उच्च राजनीतिक नेतृत्वहरूसँग समझदारी कायम गरेपछि नेकपा एकीकृतका तत्कालीन महासचिव सीताराम तामाङमार्फत धर्मनिरपेक्षतासम्बन्धी प्रस्ताव अघि बढाएका थिए । तर, नेम्वाङले संसदीय मामिला पत्रकार समाजले केही महिनाअघि गरेको एक कार्यक्रममा भने धर्मनिरपेक्षताको प्रस्ताव आफूले बढाएको अस्वीकार गरेका थिए ।

उनै नेम्वाङ पहिलो (२०६४) र दोस्रो (२०७०) संविधानसभा अध्यक्ष पनि भए । उनकै नेतृत्वको दोस्रो संविधानसभाले त संविधान नै जारी गऱ्यो । राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री दाहाल, पूर्वप्रधानमन्त्रीहरू केपी शर्मा ओली, शेरबहादुर देउवा, माधवकुमार नेपाल, डा. बाबुराम भट्टराईलगायत नेताहरूले नेम्वाङले संविधान जारी गराउन खेलेको भूमिकाको प्रशंसा गरे । नेम्वाङको निधनले देशले अनुभवी, बौद्धिक, सालिन, नम्र र वरिष्ठ राजनीतिज्ञ गुमाएको पनि उनीहरूले बताएका छन् ।

नेम्वाङ २०७४ र २०७९ मा लगातार इलाम-२ बाट निर्वाचित थिए । उनी एमालेका उपाध्यक्ष तथा संसदीय दलका उपनेतासमेत हुन् । उनका दुई जना छोरी काठमाडौंमै छन् । दुई छोरा भने विदेशमा छन् । दुवैजना छोरा काठमाडौं आइसकेपछि बिहीबार बिहान ११ बजे पशुपति आर्यघाटमा दाहसंस्कार गरिने भाइ सुरेशले बताए ।

### नेम्वाङलाई राजकीय सम्मान

संविधानसभा अध्यक्ष नेम्वाङको राजकीय सम्मानका साथ अन्त्येष्टि गरिने भएको छ । मंगलबार बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले नेम्वाङलाई राजकीय सम्मान दिने निर्णय गरिएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले जानकारी दिए । उनका अनुसार सरकारले बिहीबार सार्वजनिक विदासमेत दिने निर्णय गरेको छ ।

यस्तै, नेम्वाङ उपाध्यक्ष रहेको दल एमालेले भने पार्टीको झण्डा तीन दिन आधा झुकाउने भएको छ । निर्धारित सबै औचारिक कार्यक्रमहरू स्थगित गर्ने पनि एमाले सचिवालयले बैठकले निर्णय गरेको सचेतक महेश बर्तौलाले जानकारी दिए । संसद् सचिवालयले पनि आज (बुधबार) १ बजे बस्ने भनिएको संसद् बैठक भोलि (बिहीबार) अपराह्न ३ बजेका लागि सारेको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Ewan Group

पूर्व स्वीकृति मिति : २०७८/०८/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२६ LT. No. 251254 चलानी नं.:६०१९६७१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Laborer | 19 | 0 | 1000 | ३५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २ गते (19th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**

श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536

Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LE CIL PARIS FOR LADIES BEAUTY COMPANY

पूर्व स्वीकृति मिति: २०८०/०५/२५ LT. No.292354 चलानी नं. ६०२०७५९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 23 | 200 | ८५,९८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 0 | 2 | 140 | ६०,१८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ३ गते (20th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TARGET Target Consultant Human Resources Pvt. Ltd.**

श्रम ईजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN EVEREST TRADING AND DECORATION

पूर्व स्वीकृति मिति २०८०/03/03 पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२६ LT. No.287965 चलानी नं: ६०२०३३०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Representative | 5 | 0 | 2500 | ९०,५६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 35 | 10 | 2500 | ९०,५६५ | | | | | | | |
| 3 | General Clean Worker | 0 | 5 | 1100 | ३९,५०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ३ गते (20th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**

श्रम ईजाजत नं. १३०२/०७४/०७५

G. P. O. Box : 815, Mitrapark, Chabahil-7 Kathmandu, Nepal Tel : +977-1-4489401, 4489501

E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VARIOUS RESOURCES (M) SB

पूर्व स्वीकृति मिति २०७९/०३/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२६ LT No.266529 चलानी नं.६०१८२६८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 16 | 0 | 1500 | ४३,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ३ गते (20th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KINGFISHER OVERSEAS PVT.LTD**

श्रम ईजाजत नं. १४३५/०७४/७५

Gairigaun 9 Tinkune, Kathmandu,Nepal.

Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHI YUAN INDUSTRIAL (M) SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०४/१६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२६ LT. No. 268441 चलानी नं. ६०१८४३१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 8 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ३ गते (20th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KHOJI RECRUITMENT SERVICES PVT. LTD.**

Govt. License 902/067/68

Bijaybasti, Sanepa-2, Lalitpur, Contact: 01-5455896, 5455792

Email: khoji.nepal2022@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIEN YEU GLASSTECH (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/२५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२६ LT. No. 282168 चलानी नं. ६०१९७८२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 25 | 0 | 1500 | ४३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ३ गते (20th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**

श्रम ईजाजत नं. ११९७/०७३/०७४

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820

Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JASSIM & ABDULAAL FACILITIES MANAGEMENT WLL

पूर्व स्वीकृति मिति २०७९/०७/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२६ LT. No. 274791 चलानी नं. ६०१९०३७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 56 | 13 | 1000 | ३६,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ३ गते (20th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SOFT WORKS CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति २०८०/०५/२५ | LT. No. 292383 | चलानी नं. ६०२०७५९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 12 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ३ गते (20th Sep. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:१०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

# प्रभाव दैनिक





## आदर्श मिश्रको 'एकादेशको सहर' गीत सार्वजनिक

कमेडियन आदर्श मिश्रको मुख्य अभिनय रहेको गीत 'एकादेशको सहर' बजारमा आएको छ। उक्त गीत सुरज महर्जनको स्वरमा सजिएको छ भने शब्द रचना र निर्देशन समेत उनकै रहेको छ। संयुक्ता महर्जनको निर्माण र राकेल मानन्धरको सहायक निर्देशन रहेको उक्त गीतलाई विकास केसीले छायांकन तथा सम्पादन गरेका छन् । आदर्श मिश्र, महेन्द्र (मैन), निरज श्रेष्ठ र अर्चना श्रेष्ठको मुख्य भूमिका रहेको म्युजिक भिडियोमा हालको अवस्थामा जस्तोसुकै वर्गका व्यक्ति अन्तिममा आफ्नो भविष्य खोज्दै विदेशी भूमिमा पुग्नु परेको र तीनै बिदेसिएका व्यक्तिले पठाएको रेमिटेन्सले देशको अर्थतन्त्र धानिरहेको दृश्य देख्न सकिन्छ ।





# चलचित्र संरक्षण मञ्चको अध्यक्षमा रखाल



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र संरक्षण मञ्चको चौथो चुनावी अधिबेशन सम्पन्न भएको छ । मंगलबार राजधानीको होटल हार्दिक बागबगारमा सम्पन्न मञ्चको निर्वाचनले टिकाराम रखाल मगर (रोजन) को अध्यक्षतामा नयाँ कार्यसमति चयन गरेको छ ।

आगामी दुई वर्षे कार्यकालका लागि बरिष्ठ उपाध्यक्षमा दिपक तामाङ लामा, प्रथम उपाध्यक्षमा हरिश सिग्देल (आर्यन), द्वितिय उपाध्यक्षमा दिनेश राउत, महासचिवमा समिर मिया, उपमहासचिवमा तेज बहादुर गिरी, सचिवमा निर बहादुर दर्लामी मगर (जय), कोषाध्यक्षमा जीवन कुमारी भोलन (रोशनी), सहकोषाध्यक्षमा संगीत सागर बुर्जा निर्बिरोध निर्वाचित भएका छन् । यस्तै सदस्यहरुमा मायादेवी सिङतान, बिश्वास भण्डारी, उद्धव बस्नेत, जानुका राई, शान्ति कुमारी डिमडुङ, राखिन्द्र कुमार थिङ, ध्रुव चौलागाई र सुभाष गोतामे निर्बिरोध निर्वाचित भएका छन् ।

चलचित्र पत्रकार बिष्णु प्रसाद सुबेदी प्रमुख निर्वाचन अधिकृत रहेको निर्वाचन कमिटीमा गीतकार डब्बु क्षेत्री र अधिवक्ता कुल बिक्रम रायमाझी निर्वाचन अधिकृत रहेका थिए । मंगलबार नै निर्वाचन कमिटीले नव-निर्वाचित पदाधीकारीहरुलाई विजयीको प्रमाण पत्र समेत प्रदान गरेको छ ।

उक्त कार्यक्रममा संस्थाका सल्लाहकार तथा आजिवन माधवराज खरेललाई सम्मान गरिनुका साथै सञ्चारकर्मी गीता अधिकारी, सञ्चारकर्मी कमला जोशी, गायिका सरिता भारती, छायाँकार राजन खरेल र फोटोग्राफर बद्री थापालाई कदर पत्र प्रदान गरिएको थियो ।

संस्थाका मानार्थ सदस्यहरु गीतकार दयाराम पाण्डेय, संगीतकार शंकर थापा 'स्माइल', पत्रकार कुबेर गिरी, सौन्दर्यकर्मी गीता पौडेल समेत उपस्थिती रहेको कार्यक्रममा आजिवन सदस्यहरु बिमला भुजेल, गोबिन्द बहादुर ब्लोन, मिना पाख्रिन, सुमन राई, सुना लामा र तुलसा राईलाई आजीवन सदस्यको प्रमाणपत्र समेत प्रदान गरिएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै नव-निर्वाचित अध्यक्ष रखालले आगामी दिनमा नेपाली चलचित्रको संरक्षणका लागि शशक्त रूपमा लागि पर्ने प्रतिवद्धता समेत जनाएका छन् । यस्तै प्रथम उपाध्यक्ष सिग्देलले नेपाली चलचित्रको संरक्षणमा सबैले हातोमालो गरेर अघि बढ्नु पर्नेमा जोड दिएका छन् । यस्तै द्वितिय उपाध्यक्ष राउतले सामुहिक एकता र सहकार्यबाट मात्र नेपाली चलचित्रको विकास, विस्तार र प्रर्वद्धन सम्भव भएको भन्दै आफु यसैमा केन्द्रित रहने बताए ।

# 'नेपालका बौद्ध तीर्थस्थलहरू' पुस्तक सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** गेशे थुब्तेन शेराबले 'नेपालका बौद्ध तीर्थस्थलहरू' नामक पुस्तक पाठकमाझ ल्याएका छन् । सोमबार काठमाडौंमा एक समारोहबीच संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले उक्त पुस्तक सार्वजनिक गरेका हुन् ।

पुस्तकको पहिलो खण्डमा नेपालमा बुद्धसँग सम्बन्धित तीर्थस्थलहरू लुम्बिनी उद्यान, तिलौराकोट, ककुच्छन्द बुद्धको नगरी, अरौराकोट, जोडी स्तूपा, कुदानको न्यग्रोध विहार र रामग्राम स्तूपको बारेमा चर्चा गरिएको छ । त्यसैगरी लेखकले काठमाडौं, पाटन, र भक्तपुरमा रहेका बोधिसत्त्व सम्बन्धित तीर्थस्थलहरू, बज्रयान सम्बन्धित तीर्थस्थलहरूको बारेमा विस्तृत चर्चा गरेका छन् ।

मन्त्री किराँतीले नेपालमा थुप्रै पुरातात्त्विक बौद्ध तीर्थस्थलहरू रहेको उल्लेख गर्दै यस्ता धार्मिक तीर्थस्थलहरूको खोजी हुनु प्रशंसनीय कार्य भएको उल्लेख गरे । उनले नेपालका बौद्ध तीर्थस्थलहरू ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय हिसाबले अत्यन्तै महत्त्वपूर्ण रहेको बताए ।

बौद्ध जागरण केन्द्रको आयोजनामा भएको कार्यक्रमको अध्यक्षता बौद्ध धर्मगुरु टुल्कु लोसाङ नाम्ग्याल रिन्पोछेले गरेका थिए । लुम्बिनी बौद्ध विश्वविद्यालयका प्राध्यापक सुमन्तराज न्यौपाने र इन्टनेसनल बुद्धिष्ट एकाडेमीका धर्मगुरु खेन्पो ङवाङ ज्योर्देनले पुस्तकमाथि समीक्षात्मक टीप्पणी राखे ।

त्यसैगरी खेन रिन्पोछे घ्युर्मे छुल्टिम, प्रा.डा. सर्वणलाल बज्राचार्य, राष्ट्रिय सभाका सदस्य सोनाम ग्याल्जेन शेर्पालगायतले पुस्तकबारे आ-आफ्नो धारणा राखे ।

नेपालका बौद्ध तीर्थस्थलहरू (आलोक प्रदीप) भाग-१ नामक पुस्तक लुम्बिनी बौद्ध विश्वविद्यालयको अनुसन्धान केन्द्र र नेपाल बौद्ध महायान केन्द्र गुम्बा कपनले प्रकाशनमा ल्याएका हुन् । पुस्तकको सहसम्पादक आचार्य तेन्जिन लामा रहेका छन् । पुस्तकको नेपाली अनुवाद बुद्धवचन अनुवाद समितिले गरेको हो । नेपाली भाषा सम्पादन सुमन्तराज न्यौपाने र लक्ष्मी रुम्बाले गरेका हुन् ।

# 'मायाबी'मार्फत् डेब्यु गर्दै समिम

**काठमाडौं (प्रस)–** निर्देशक दिवाकर भट्टराईले निर्देशन गर्न लागेको नयाँ नेपाली फिल्म 'मायावी'को यतिबेला छायाकंन गर्ने तयारी हुर्दैछ। छायाकंनअघि यस फिल्मका मुख्य कलाकारहरुको लाइनअप सार्वजनिक भइरहेको छ ।

फिल्मका लागि असअघि नै दीपिका प्रसाई, पल शाह र सुशील सिटौला अनुबन्धित भइसकेका छन् । अभिनेता पल झण्डै डेढ वर्षपछि यसै फिल्ममार्फत रजतपटमा कमव्याक गर्दैछन् । अब यो फिल्ममा मोडल समिम खान भित्रिएका छन् । समिमको यो डेब्यु फिल्म हुनेछ ।

समिम 'म्यान हन्ट इन्टरनेशनल नेपाल २०१६'का विजेता हुन् । दीपिका र दिवाकरले यस अघि फिल्म 'ऐश्वर्य'मा सहकार्य गरिसकेका छन् । फिल्ममा निर्देशक भट्टराई स्वयंको कथा रहनेछ । क्रिएटिभ सिने आर्टसले निर्माण गर्न लागेको फिल्ममा एसडी योगीको संगीत, राम अविरल विष्टको गीत, राजुविक्रम थापाको डिओपी रहनेछ । फिल्म असोज २ गतेबाट फ्लोरमा जानेछ । फिल्मको छायांकन पोखराको रमणीय स्थलमा गरिने निर्देशक भट्टराईले जानकारी दिए । दिवाकरले फिल्म 'मेरो जीवन साथी', 'स्टुपिड मन', 'ड्रिम्स', 'ऐश्वर्य' र 'क्याप्टेन' निर्देशन गरिसकेका छन् ।

## रंगशाला

# नेपालको प्रतिद्वन्द्वी फेरियो

■ प्रभाव संवाददाता

**काठमाडौं–** एसियाली खेलकुदअन्तर्गतको पुरुष क्रिकेटको खेलतालिका परिवर्तन भएको छ । बहराईनले प्रतियोगिताबाट नाम फिर्ता लिएसँगै खेलतालिका परिवर्तन भएको हो । प्रतियोगितामा अब नेपालले माल्दिभ्स र मंगोलियालाई समूह चरणको प्रतिद्वन्दीको रूपमा पाएको छ । खेल टी-ट्वान्टी फर्म्याटमा हुनेछ । नेपाल टी-ट्वान्टी आई वरियतामा १७ औं स्थानमा छ । माल्दिभ्स ८० औं स्थानमा छ । मंगोलिया भने आइसीसीको वरियताभित्र छैन ।

नयाँ खेलतालिकामा नेपाल समूह ए मा रहेको छ । यस अघि नेपालले जापान र कम्बोडियासँग खेल्ने तय भएको थियो । समूह बी मा कम्बोडिया, जापान र हङकङ रहेको छ । समूह सी मलेसिया, सिंगापुर र थाईल्यान्ड रहेका छन् । यसअघि समूह चरण खेल्ने तय भएको पूर्ण सदस्य राष्ट्र अफगानिस्तान सिधै क्वाटरफाइनलमा प्रवेश गरेको छ ।

समूह चरणमा शीर्ष स्थानमा रहने टोली क्वाटरफाइनलमा स्थान बनाउने छ । भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाले सिधा क्वाटरफाइनलमा स्थान बनाएका छन् ।




**खेलतालिका**
**२७ सेप्टेम्बर (१० असोज) नेपाल- मंगोलिया**
**१ अक्टोबर (१४ असोज) नेपाल-माल्दिभ्स**
**क्वाटरफाइनल: ३-४ अक्टोबर (१६-१७ असोज)**
**सेमिफाइनल: ६ अक्टोबर (१९ असोज)**
**फाइनल : ७ अक्टोबर (२० असोज)**


## वरुण इन्भेष्टमेन्ट लि.
काठमाडौं

### वार्षिक साधारण सभा सम्बन्धी संशोधीत सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०५/२६)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको सञ्चालक समितिको मिति २०८०/०५/२५ गतेका दिन बसेको बैठकको निर्णयानुसार कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने र उक्त साधारण सभामा निम्न विषयहरु उपर छलफल गरी निर्णय गरिने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**सभा हुने मिति, स्थान र समय :-**
**मिति :- २०८० साल आश्विन महिना १८ गते बिहीबार**
**स्थान :- कम्पनीको केन्द्रीय कार्यालय, काठमाडौं**
**समय :- बिहान ११:०० बजे**

**छलफलका विषयहरु :**

**क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन सहितको सम्पूर्ण वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/०८१ का लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. स्वतन्त्र सञ्चालक नियूक्ती गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव**

१. निम्न विषयका सम्बन्धमा प्रवन्ध-पत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनहरुमा नियामक निकायहरुबाट कुनै परिमार्ज न गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।
अ) कम्पनीको अधिकृत पूँजी तथा जारी पूँजी वृद्धि गर्नु पर्ने भएको हुनाले प्रबन्धपत्रको दफा ६ को (क), (ख), (घ), र (ङ) को १ र २ मा संशोधन गर्ने सम्बन्धमा विशेष प्रस्ताव ।
आ) कम्पनीको प्रबन्धपत्रको दफा ४ को (१) (क) देखि (ठ) पछाडि (ड) मा थप संशोधन गर्ने सम्बन्धमा विशेष प्रस्ताव ।

**ग) विविध ।**


## पूर्वाञ्चल विश्वविद्यालय कप फुटसल

# कलेज अफ बायोमेडिकललाई उपाधि

**काठमाडौं (प्रस)–** पूर्वाञ्चल विश्वविद्यालय कप फुटसल प्रतियोगिताको उपाधि कलेज अफ बायोमेडिकल इन्जिनियरिङ एण्ड एप्लाइड साइन्सेसले जितेको छ । सिनामंगलको अर्किड कलेजको फुटसल कोर्टमा भएको फाइनलमा काष्ठमण्डप कलेज अफ म्यानेजमेन्टलाई ६-५ गोल अन्तरले पराजित गर्दै उपाधि जितेको हो ।

२ गोलले पछि परेको कलेज अफ बायोमिडकलले उत्कृष्ट कमब्याक गर्दै निर्धारित ६० मिनेटको खेलमा ६-५ ले उपाधि जित्न सफल भयो। बायोमेडिलका तर्फबाट विप्लव थापा एक्लैले ४ गोल गर्दा मन्जील श्रेष्ठ र मनिष मगरले एक एक गोल थपेका थिए । काष्ठमण्डपका लागि सुजन थापाले २ गोल गर्दा विकास महर्जन, सन्जीत क्षेत्री र कृष्ण दुलालले एक एक गोल थपेका थिए । उपाधि विजेता बायोमेडिकलले नगद १ लाख प्राप्त गर्दा उप विजेता भएको काष्ठमण्डपले ५० हजार प्राप्त गरेको छ ।

प्रतियोगिता अवधिभर बायोमेडिकलका विप्लव थापाले सर्वाधिक गोल गर्दै उपाधि जिते । उनले ४ खेलमा १५ गोल गरेका थिए । उत्कृष्ट गोलरक्षकको उपाधि पनि बायोमेडिकलकै प्रज्वल प्याकुरेलले पाउँदा उत्केष्ट खेलाडीको अवाड पनि बायो मेडिकलका कृष्ण दुलाल घोषित भए । विधागततर्फ पनि उत्कृष्ट खेलाडीहरुले नगद पुरस्का पाएका छन् ।

कार्यक्रममा आयोजक विराटनगर सिटी फुटबल क्लबका सिइओ सुवाशीस कोइराला, पूर्वाञ्चल विश्वविद्यालयका परीक्षा नियन्त्रण वालेन्दु हमाल, विश्वविद्यालयकै अनुगमन तथा मूल्यांकन केन्द्रका कार्यकारी दिर्नेशक सञ्जेश प्रसाद कोइराला, सह परीक्षा नियन्त्रक मेनुका श्रेष्ठ, सह प्राध्यापक तीर्थ सापकोटा, आर्थिक प्रशासन प्रमुख खगेन्द्र राज ढकाल, विनय भट्टराई, पियू क्यानका शम्भु दाहाल, नेपाली फुटसल टिमका मुख्य प्रशिक्षक गौरब बस्नेत, विराटनगर सिटी एफसीका विक्रम पौडेल क्षेत्री, नेपाली कांग्रेसका युवा नेताहरु प्रभातमणी ओझा (प्रविण), प्रविन निरौला, लेखक एवं गीतकार विपिन किरण, काठमाडौं महानगरपालिका वडा नम्बर २९ का जनप्रतिनिधिद्वय सन्तोष ढुंगेल र अनिल श्रेष्ठ लगाएतले पुरस्कार वितरण गरेका थिए ।

पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरुले यो प्रतियोगितामा सहभागिता जनाएका थिए ।


## ओमानमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : Woman House International**

पूर्व स्वीकृति मिति २०८०/०५/२६ | LT No. 292357 | चलानी नं. ६०२०७७६१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OMR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautican | 0 | 1 | 170 | ५८६०१ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज ३ गते (20th Sep. 2023) मा हुनेछ**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

# उत्तर कोरियाली नेता रूसमा

**मस्को–** उत्तर कोरियाली नेता किम जोङ उन रुसमा पुगेका छन् । उन सवार रेल रुसी भूमिमा प्रवेश गरेको रुसी राज्य समाचार समिति रिया नोवोस्तीले जनाएको छ ।

नेता किम चढेको रेल उत्तर कोरियाबाट प्रिमोर्स्की क्षेत्रमा प्रवेश गरेको तस्बिर पनि रिया नावोस्तीले सार्वजनिक गरेको छ । गाढा हरियो डिब्बासहितको उत्तर कोरियाली रेललाई रुसी रेलवे पटरीमा किमा तानेको तस्बिरमा देखिन्छ ।

दक्षिण कोरियाली रक्षा मन्त्रालयले भने सोमबार नै नेता किमको चढेको रेल रुसी भूमिमा प्रवेश गरेको विश्वास आफूलाई भएको बताएको थियो । रुसी सञ्चारमाध्यमका अनुसार उत्तर कोरियाली नेता किमले यसै साताको अन्त्यमा आफ्ना समकक्षी भ्लादिमिर पुटिनसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको जनाएका छन् । चार वर्षपछि उनले गरेको पहिलो विदेश विदेश भ्रमण हो ।

रातभर यात्रा गरेर नेता किम भ्लादिभोस्तोक पुग्न लाग्नुभएको छ । सशस्त्र फौजका साथ उन यात्रामा छन् । उनका साथ वरिष्ठ सैनिक अधिकारी पनि छन् । द्विपक्षीय सैन्य सम्बन्ध तथा हातहतियार आपूर्तिका सम्बन्धमा छलफल गर्न उनीहरूलाई पनि भ्रमण दलमा समावेश गरिएको बताइएको छ । राष्ट्रपति पुटिन हाल वार्षिक आर्थिक मञ्चमा भाग लिने सिलसिलामा भ्लादिभोस्तोकमा छन् ।

प्रतिरक्षा विश्लेषकहरूका अनुसार मस्कोले उत्तर कोरियाबाट हातहतियार र एन्टिटयांक मिसाइलहरू लिएर रुसबाट उपग्रह र आणविक शक्तिबाट सञ्चालन हुने पानडुब्बी प्रविधि चाहेको छ । यद्यपि क्रेमलिनले वैश्विक एवं क्षेत्रीय मामिलामा दुई देशका नेताले वार्ता गर्ने बताएको छ । पश्चिमा प्रतिबन्धबाट पिरोलिएको प्योङयाङले मस्कोसँग खाद्यान्नलगायत अन्य मानवीय सहायताका निम्ति अनुरोध गर्ने बताइएको छ ।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले रुसी सञ्चारमाध्यमलाई दुई नेताले 'संवेदनशील' विषयमा छलफल गर्ने बताएका छन् । 'छिमेकीका रूपमा यो स्पष्ट छ हाम्रा देशबीच संवेदनशील क्षेत्रमा सहयोग हुन्छ जुन सार्वजनिक खुपतको विषय हुनु हुँदैन । छिमेकी देशका लागि सामान्य हो,' उनले भनेका छन् ।

दुवै नेताबीचको वार्तामा अमेरिकी चेतावनीको बेवास्ता हुने प्रवक्ता पेस्कोभले पत्रकारहरूलाई बताए । 'उत्तर कोरियालगायत हाम्रा छिमेकीसँग हामीले विकास गर्ने सम्बन्धसँग वासिङ्टनको चेतावनीको कुनै अर्थ छैन दुई देशको हितमा त्यो केन्द्रित हुनेछ,' वासिङ्टनले युक्रेन द्वन्द्वका लागि उत्तर कोरियाले मस्कोलाई हतियार उपलब्ध गराएमा प्योङयाङले त्यसको मूल्य चुकाउनुपर्ने अमेरिकी चेतावनीबारेको जिज्ञासको जवाफमा उनले स्पष्ट गरे । *रासस⁄एएफपी*

# मोरक्को भूकम्पमा मृत्यु हुने २८ सय पुग्यो

**मौले ब्राहिम (मोरक्को)–** मोरक्कोमा भूकम्पबाट मृत्यु हुनेको संख्या दुई हजार ८०० पुगेको छ भने तीन हजार जना घाइते भएका छन् । अधिकांश भूकम्पपीडितले सरकार तथा अन्य निकायबाट सहायता नपाएको गुनासो गरेका छन् ।

भूकम्पबाट आघातग्रस्त घरबारविहीनहरूले आफ्नो ज्यान जोगिए पनि बाँकी जीवन जिउन आफूसँग केही नभएको र गत शुक्रबारदेखि नै खाना र आवासका निम्ति भौतिरिनुपरेको पीडा पोखेका छन् । सरकार वा अन्य सहायता निकायबाट आफूहरूलाई कुनै सहयोग प्राप्त नभएको पनि उनीहरूले बताएका छन् । आफूहरूलाई राज्यले परित्याग गरेको दुखेसो उनीहरूको छ ।

भूकम्पबाट अधिक प्रभावित ताफेघते गाउँका एक जना पीडितका अनुसार करिब २०० जनाको बसोबास रहेको उनको गाउँका ९० जनाको शव फेलापरेको छ भने अन्य हराइरहेका छन् । 'यो गाउँका मानिस या त अस्पतालमा छन् वा जीवित छैनन्,' बिलौना गर्दै हसन भन्छन् ।

भवनका भग्नावशेष सफा गर्ने यान्त्रिक उपकरणको अभावमा खोज जटिल भएको छ । परम्परागत घरका इँटा र ढुंगा बाटामा असरल्ल छन् । हसन आफ्ना काका अझै पनि भग्नावशेषमुनि दबिएका बताउँछन् तर उनलाई जीवितै बाहिर निकाल्ने कुनै आशा छैन ।

'हामी यहाँ राज्यले परित्याग गरेको महसुस गरिहेका छौं, हामीलाई मद्दत गर्न कोही आएको छैन । हाम्रा घर भत्किएका छन्, अब हामी कहाँ बस्ने ?' एटलस पहाडको अग्लो क्षेत्रमा रहेका गाउँ मिसिरातका भग्नावशेषमाथि उभिएर रोष व्यक्त गर्दै ४३ वर्षीया खादिजा एट्लकिद प्रश्न गर्छिन् ।

एक सयभन्दा कमको बसोबास रहेको उनको गाउँपालिकामा १६ जनाको शव फेला परेको भए पनि भग्नावशेषमा पुरिएका पशुचौपाया गन्हाएर स्थानीय वायु नै प्रदूषित भएको छ ।

मोरक्कोको पर्यटकीय नगर मराकेसभन्दा ७२ किलोमिटर दक्षिणपश्चिममा केन्द्रबिन्दु बनाएर गत शुक्रबार राति ११:११ बजे भएको ६.८ म्याग्निच्युडको भूकम्पको विनास सबैभन्दा धेरै मराकेसमा नै भएको छ । अल-हौज र ताराउदान्ट प्रान्तका अगादिर, कासाब्लांका, और्जाजाटे, चिचौवा, अजिलाल र युसुफियामा भएको छ ।

स्पेन, संयुक्त अधिराज्य र कतारले खोज तथा उद्धारमा सघाउन आ-आफ्नो टोली परिचालन गरेका छन् । मोरक्कोका उद्धारकर्मीसँगको समन्वयमा उनीहरूले काम गरिरहेका गृह मन्त्रालयले जनाएको छ । सावरीसाधन पुग्न नसक्ने अनकन्टार पहाडी गाउँमा हेलिकप्टरबाट खाद्य सामग्री खसालिएको जनाउँदै गृह मन्त्रालयले यथाशक्य चाँडो सबै पीडितलाई राहत सामग्री उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ ।

यसैबीच, युरोपेली संघले मानवीय सहायतास्वरूप एक लाख युरो तत्काल उपलब्ध गराउने घोषणा गरेको छ । यसअघि सन् १९६० को भूकम्पमा परी मोरक्कोमा १५ हजार जनाको मृत्यु भएको थियो । भूकम्पबाट अगादिर नगर तहसनहस भएको थियो । *रासस⁄एएफपी*


## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८०/०५/२७)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८०/०६/१०

**बोलपत्र खोलिने मिति**
२०८०/०६/११ दिउँसो ३ बजे

**तपसिल**

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको अचल सम्पतिहरुको विवरण |
|---|---|---|---|
| १. | धितो कर्जा | **१) ऋणीहरु : रीता श्रेष्ठ वैश्यत र संजय मान वैश्यत**<br>ठेगाना : सिद्धार्थनगर ०७, रुपन्देही<br>**(क) रीता श्रेष्ठ वैश्यत**<br>(ना.प्र.नं. ६३, मिति २०४४/११/२४ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>पति : संजय मान वैश्यत<br>ससुरा : गणेश मान वैश्यत<br>**(ख) संजय मान वैश्यत**<br>(ना.प्र.नं. ३७-०१-७४-१९५१४, मिति २०७४/१२/३० मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>बाबु : गणेश मान वैश्यत<br>बाजे : सूर्यमान वैश्यत | रीता श्रेष्ठ बैश्यतको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, पडसरी गा.वि.स./न.पा. वडा नं. ०४ (क) स्थित कि.नं. १५३ (०-०-३ विगाहा), कि.नं. १९४ (०-०-७ विगाहा), कि.नं. १९३ (०-०-५ विगाहा), कि.नं.२६४ (०-१-१५ विगाहा), कि.नं. २०४ (०-०-९ विगाहा), कि.नं. २०३ (०-०-६ विगाहा), कि.नं. ४१३ (०-०-८.५ विगाहा) र कि.नं. ५१० (०-०-३ विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २. | महिला उद्यमशीलता कर्जा | **२) ऋणी : लक्ष्मी मोबाइल ग्यालरी एण्ड इलेक्ट्रोनिक्स पसल**<br>प्रा.फ.र.नं. : ३१५३/०७८/७९<br>ठेगाना : मंगलसेन ०५, अछाम<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. लक्ष्मी कुमारी शाही**<br>(ना.प्र.नं. ६३-०२-७४-०२७९२, मिति २०७४/०७/२९ मा जि.प्र.का. दैलेखबाट जारी भएको)<br>बाबु : लल्ते शाही<br>पति : दिनेश वि.सी.<br>ससुरा : डम्बर बहादुर वि.सी.<br>**२. डम्मर बहादुर बि.सी.**<br>(ना.प्र.नं. २०९-२०९८९, मिति २०५८/०८/०६ मा जि.प्र.का. अछामबाट जारी भएको)<br>बाबु : प्रजे बुढा<br>बाजे : सिंहे बुढा<br>**३. दिनेश वि.सी.**<br>(ना.प्र.नं. ६९-०१-७३-०००२७, मिति २०७३/०१/०६ मा जि.प्र.का. दैलेखबाट जारी भएको)<br>बाबु : डम्बर बहादुर वि.सी.<br>बाजे : प्रजे बुढा<br>**४. प्रजे बुढा**<br>(ना.प्र.नं. १/८/१८३५, मिति २०४६/०३/१४ मा जि.प्र.का. अछामबाट जारी भएको)<br>बाबु : सिंहे बुढा<br>बाजे : कासे बुढा | प्रजे बुढाको नाममा अछाम जिल्ला मालपोत कार्यालय अछाममा दर्ता कायम रहेको अछाम जिल्ला, भैरवस्थान गा.वि.स./न.पा. वडा नं. ०२ स्थित कि.नं. ३४१ (१२७८.०० व.मि.) र कि.नं. ७ (१२८३.०० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ३. | लघु आवधिक कर्जा | **३.) ऋणी : जय बागेश्वरी ब्युटी पार्लर एण्ड ट्रेनिङ सेन्टर**<br>प्रा.फ.र.नं. : १३९/६०२६/०७३/७४<br>ठेगाना : चिसापानी ०३, बाँके<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. निर्मला मल्ल**<br>(ना.प्र.नं. १८८००, मिति २०६२/०२/२४ मा जि.प्र.का बाँकेबाट जारी भएको)<br>पति : ओम प्रकाश मल्ल<br>ससुरा : बसन्त बहादुर मल्ल<br>**२. ओम प्रकाश मल्ल**<br>(ना.प्र.नं. ६६६३, मिति २०५६/१०/०६ मा जि.प्र.का बाँकेबाट जारी भएको)<br>बाबु : बसन्त बहादुर मल्ल<br>बाजे : नन्द बहादुर मल्ल | निर्मला मल्लको नाममा बाँके जिल्ला मालपोत कार्यालय बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, खासकुश्मा गा.वि.स./न.पा. वडा नं. ०८ (क) स्थित कि.नं. १०८ (०-१३-०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ४. | धितो कर्जा | **४) ऋणी : बिकिज बानिया**<br>(ना.प्र.नं. २६/२७३, मिति २०५५/०३/१४ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>ठेगाना : हेटौडा ११, मकवानपुर<br>बाबु : जबर बहादुर बानिया<br>बाजे : राम बहादुर बानिया<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**विश्व ज्योती सिंह**<br>(ना.प्र.नं. २०४६२, मिति २०४८/०२/१७ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>पति : बिकिज बानिया<br>ससुरा : जबर बहादुर बानिया | बिकिज बानियाको नाममा मकवानपुर जिल्ला मालपोत मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ११ स्थित कि.नं. ५७४६ (०-०-४-० विगाहा) र कि.नं. ५७५२ (०-०-४.५-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ५. | अधिविकर्ष कर्जा | **५) ऋणी : पब्लीक फर्निचर एण्ड फर्निसिङ्ग**<br>प्रा.फ.र.नं. : २७५४७/०७४/०७५<br>ठेगाना : कोहलपुर ११, बाँके<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. कल्पना शर्मा**<br>(ना.प्र.नं. ६६-०१-७१-०२७२३, मिति २०७१/०४/१८ मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>पति : दिपेन्द्र उप्रेती<br>ससुरा : शिवराज उप्रेती<br>**२. दिपेन्द्र उप्रेती**<br>(ना.प्र.नं. १६५६१, मिति २०६०/१२/०२ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>बाबु : शिवराज उप्रेती<br>बाजे : भुमिदत्त उप्रेती<br>**३. अमृत उप्रेती**<br>(ना.प्र.नं. ९६३२, मिति २०५७/०८/१२ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>बाबु : शिवराज उप्रेती<br>बाजे : भुमिदत्त उप्रेती<br>**४. हिरण्य कुमारी उप्रेती**<br>(ना.प्र.नं. ८/१९७३९, मिति २०४७/०८/१९ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>पति : शिवराज उप्रेती<br>ससुरा : भुमिदत्त उप्रेती | हिरण्य कुमारी उप्रेतीको नाममा रुपन्देही जिल्ला मालपोत बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मऋहर गा.वि.स./न.पा. वडा नं. ०८ (ग) स्थित कि.नं. ४०४ (०-८-१२-० विगाहा) र कि.नं. ७ (०-२-१०-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ६. | धितो कर्जा | **६) ऋणी : नविन कुमार नेपाली**<br>(ना.प्र.नं. २३३–१९९९, मिति २०५१/०५/२६ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>ठेगाना : जफे ०३, दोलखा<br>बाबु : देवीराम नेपाली दर्जी<br>बाजे : रिठे नेपाली दर्जी<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**गंगा माया नेपाली**<br>(ना.प्र.नं. ५०१६४, मिति २०५८/०४/२३ मा जि.प्र.का. रामेछापबाट जारी भएको)<br>बाबु : भिम बहादुर नेपाली<br>पति : नविन कुमार नेपाली<br>ससुरा : देवीराम नेपाली दर्जी | नविन कुमार नेपालीको नाममा दोलखा जिल्ला मालपोत चरिकोट, दोलखामा दर्ता कायम रहेको दोलखा जिल्ला, जफे गा.वि.स./न.पा. वडा नं. ०३ स्थित कि.नं. ०३ (५१५.०० व.मि.) र कि.नं. ५६०(५४०.०० व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ७. | आवधिक कर्जा | **७) ऋणी : काला भैरब कृषि तथा पशुपंक्षी फर्म**<br>प्रा.फ.द.नं. : ३५१०/०७७/०७८<br>ठेगाना : भिमेश्वर ०३, दोलखा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. लवकुश बस्नेत**<br>(ना.प्र.नं. १६४२/३२८५, मिति २०५०/०८/१३ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बबु : तारा बहादुर बस्नेत<br>बाजे : कर्ण बहादुर बस्नेत<br>**२. स्यानु सुनार**<br>(ना.प्र.नं. २००९/५९१, मिति २०७१/०९/०८ मा जि.प्र.का. नवलपरासी जारी भएको)<br>पति : लवकुश बस्नेत<br>ससुरा : तारा बहादुर बस्नेत | लवकुश बस्नेतको नाममा दोलखा जिल्ला मालपोत दोलखामा दर्ता कायम रहेको दोलखा जिल्ला, चरिकोट गा.वि.स./न.पा. वडा नं. ०२ स्थित कि.नं. ३२२८ (००७७२ व.मि.) र कि.नं. ३२२९(०००२० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ८. | विविध कर्जा | **८) ऋणी : मन्दिस ग्रिल उद्योग**<br>प्रा.फ.नं. : ६२८/७८१२<br>ठेगाना : सुनवल न.पा. ०५, नवलपरासी<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. अन्जली थापा**<br>(ना.प्र.नं. ४२२०२९/८३, मिति २०६७/०४/०६ मा जि.प्र.का. स्याङजाबाट जारी भएको)<br>पति : निम बहादुर थापा<br>ससुरा : टेक बहादुर थापा<br>**२. हुम कुमारी थापा**<br>(ना.प्र.नं. ५/७१३, मिति २०४६/१२/२५ मा जि.प्र.का. स्याङजाबाट जारी भएको)<br>पति : टेक बहादुर थापा<br>ससुरा : खिम बहादुर थापा<br>**३. निम बहादुर थापा**<br>(ना.प्र.नं. २२३१४, मिति २०६२/१०/०४ मा जि.प्र.का. स्याङजाबाट जारी भएको)<br>बाबु : टेक बहादुर थापा<br>बाजे : खिम बहादुर थापा<br>**४. टेक बहादुर थापा**<br>(ना.प्र.नं. १०२७, मिति २०६४/१०/२५ मा जि.प्र.का. स्याङजाबाट जारी भएको)<br>बाबु : खिम बहादुर थापा<br>बाजे : भागीरथ थापा | १. अन्जली थापाको नाममा नवलपरासी जिल्ला मालपोत परासी, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, साविक स्वाठी गा.वि.स./न.पा. वडा नं. ०५ (च) हाल सुनवल न.पा. वडा नं. ०५ स्थित कि.नं. १२०५ (०-०-१०-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. हुम कुमारी थापाको नाममा नवलपरासी जिल्ला मालपोत परासी, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, साविक स्वाठी गा.वि.स./न.पा. वडा नं. ०५ (च) हाल सुनवल न.पा. वडा नं. ०५ स्थित कि.नं. ८८१ (०-१-०-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफै ले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८⁄९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११२००० | प्रति तोला - १११४५० | प्रति तोला - १४०५ |

# माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको शिलान्यास




■ प्रभाव संवाददाता

**त्रिशूली–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले नेपालको आन्तरिक खपतका लागि कोरियन कम्पनीको प्रत्यक्ष वैदेशिक लगानीमा रसुवामा निर्माणाधीन हालसम्मकै ठूलो दुई सय १६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको शिलान्यास गरेका छन् ।

आज यहाँ आयोजित विशेष समारोहकाबीच मन्त्री बस्नेतले सो आयोजनाको बाँध लगायतका संरचना (हेडवर्क्स) निर्माणको शिलान्यास गरेका हुन् । रसुवाको आमाछोदिङमो गाउँपालिका-१ हाकुमा बाँधलगायतका संरचना र उत्तरगया गाउँपालिका-१ मा भूमिगत विद्युत्गृह लगायतका संरचना निर्माणाधीन छन् ।

शिलान्यास समारोहमा मन्त्री बस्नेतले नेपालको जलविद्युत् विकासमार्फत आर्थिकरूपमा समृद्धि हासिल गर्न यस क्षेत्रमा सरकारले स्वदेशी तथा विदेशी लगानीका लागि वातावरण बनाइरहेको उल्लेख गरे । मुख्यरूपमा हिउँदमा विद्युत् माग पूरा गर्नका लागि रहेकाले नमूना आयोजनाका रूपमा तोकिएकै समयमा सम्पन्न गर्न आवश्यक सहजीकरण गरिने उल्लेख गर्दै उनले जलविद्युत् क्षेत्रमा लगानी बढाउन स्वदेशी तथा विदेशी लगानीकर्तालाई आग्रह गरे ।

समारोहमा आयोजनाको मुख्य लगानीकर्ता कोरिया साउथ-इस्ट पावर (कोइन)का सभापति एवम् प्रमुख कार्यकारी अधिकृत होउ चुन किमले नेपालको अपार जलस्रोतको प्रयोग गरी स्वच्छ हरित ऊर्जाको आन्तरिक रूपमा खपत बढाई अतिरिक्त ऊर्जा छिमेकी देशहरुमा निर्यात गरी आर्थिक समृद्धि हासिल गर्न र जलवायु परिवर्तनको असर न्यूनीकरणमा ठूलो योगदान गर्न सकिने बताए ।

समारोहमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, विद्युत् नियमन आयोग, लगानी बोर्ड, नेपाल, विद्युत् विकास विभागलगायतका उच्चपदस्थ पदाधिकारीहरु, नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क थियोङ, आयोजनामा ऋण प्रवाह गर्ने संस्थाका प्रतिनिधिहरु, निजी क्षेत्रका ऊर्जा उद्यमीहरु लगायतका उपस्थिति थियो ।

आयोजनाको मुख्य निर्माण गत २०७८ पुसदेखि सुरु गरिएको थियो । भूमिगत विद्युत्गृह, मुख्य सुरुङ, बाँध लगायतका सम्पूर्ण संरचनाहरुको निर्माण सबैतिरबाट तीव्र गतिमा भइरहेको छ । आयोजनाको समग्र भौतिक प्रगति २२ प्रतिशत रहेको छ । आयोजनाको बाँध वर्षायाम सकिएपछि निर्माण सुरु गरिने छ ।

आयोजना निर्माणमा हाल करिब एक हजार श्रमिक परिचालित छन् । त्यसमध्ये करिब पाँच सय रसुवा जिल्लाका स्थानीय बासिन्दा छन् । आयोजना निर्माण अवधि (५ वर्ष)मा एक हजार नेपाली श्रमिकले दैनिक रूपमा रोजगारी पाउनेछन् । आयोजना सञ्चालन अवधि (३० वर्ष)मा नियमित रूपमा ८० जनाले रोजगारी पाउनेछन् । आयोजना निर्माणका लागि इन्जिनियरिङ, खरिद र निर्माण मोडलमा कोरियन कम्पनी डुसान एनबेलेटीले काम गरिरहेको छ ।

आयोजनाको प्रवर्द्धक नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीमा कोरियन सरकारको स्वामित्वमा रहेको कोएन, विश्व बैंक समूह अन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगम लगायतको सेयर लगानी छ । आयोजनाका लागि ७० प्रतिशत ऋण र ३० प्रतिशत इक्विटीबाट जुटाउने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

कूल अनुमानित लागत ६४ करोड ७३ लाख अमेरिकी डलर (निर्माण अवधिको ब्याजसहित) रहेको आयोजनामा नौ अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुले ४५ करोड ३२ लाख अमेरिकी डलर लगानी गर्ने सम्झौता गरेका छन् । बाँकी रकम स्वपूँजी (इक्विटी)बाट जुटाइएको छ ।

आयोजनाबाट वार्षिक रूपमा एक अर्ब ५३ करोड ३१ लाख युनिट ऊर्जा उत्पादन हुने छ । आयोजनाबाट उत्पादन हुने कूल वार्षिक ऊर्जामध्ये ३८ दशमलव ७५ प्रतिशत हिउँदयाममा र ६१ दशमलव २५ प्रतिशत वर्षायाममा उत्पादन हुने छ । उत्पादित ऊर्जा नेपाल विद्युत् प्राधिकरणले निर्माण गरिरहेको त्रिशूली-३ 'बी' हब सबस्टेसनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह हुने छ । कम्पनी र प्राधिकरणबीच विद्युत् खरिद बिक्री सम्झौता सम्पन्न भइसकेको छ ।

काठमाडौं 'लोड सेन्टर'बाट नजिक रहेको र विद्युत्को अत्यधिक माग हुने हिउँदमासमेत एक सय चार मेगावाट विद्युत् प्राप्त हुने भएकाले मुलुकको विद्युत् प्रणालीका लागि आयोजना आकर्षक मानिएको छ । आयोजनाबाट वर्षभरि नै एक सय चार मेगावाट स्थिर (फार्म) ऊर्जा प्राप्त हुने छ । आयोजनाको निर्माण २०८३ को मङ्सिरभित्र सक्ने लक्ष्य राखिएको छ ।

# नेप्से परिसूचकमा गिरावट

## नेप्से परिसूचकमा १९.४२ अंकको गिरावट, १ अर्ब बढीको कारोबार

■ प्रभाव संवाददाता




**काठमाडौं–** सोमबार उच्च अंकले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार दोहोरो अंकको गिरावट देखिएको छ । नेप्से परिसूचक १९ दशमलव ४२ अंकले घटेर एक हजार नौ सय ६७ दशमलव ४२ अंकको विन्दुमा कायम भएको हो । दुई सय ७६ कम्पनीका ३९ लाख १६ हजार एक सय ६१ कित्ता सेयर २६ हजार तीन सय दुई पटक खरिदबिक्री हुँदा रु एक अर्ब १३ करोड ५० लाख ५७ हजार पाँच सय १५ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

म्युचुअल फन्ड समूहको उपसूचक शून्य दशमलव ०४ प्रतिशतले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै होटल तथा पर्यटन समूहको उपसूचक एक दशमलव ९८ प्रतिशत र वित्त समूहको उपसूचक एक दशमलव ९२ प्रतिशतले घटेको छ । बैंकिङ समूह शून्य दशमलव ४३, विकास बैंक एक दशमलव ४४, जलविद्युत् एक दशमलव ५६, लगानी एक दशमलव ३१ र जीवन बिमा समूह शून्य दशमलव ९९ प्रतिशतले घटेको छ ।

त्यसैगरी, उत्पादन तथा प्रशोधन एक दशमलव ०८, लघुवित्त एक दशमलव ४०, निर्जीवन बिमा एक दशमलव ४०, व्यापार शून्य दशमलव ७८ र अन्य समूहको उपसूचक शून्य दशमलव २४ प्रतिशतले घटेको छ । सबैभन्दा धेरै शुभम् पावर लिमिटेडको सेयर मूल्य मंगलबार नौ दशमलव ९९ प्रतिशतले बढेको छ । श्री स्टार हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकम र कारोबार भएका सेयर सफ्याका आधारमा सबैभन्दा धेरै नेपाल एसबिआई बैंक लिमिटेडको रु सात करोड ५६ लाख १८ हजार नौ सय २० बराबरको दुई लाख २४ हजार नौ सय ४४ कित्ता सेयर किनबेच भएको छ ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction

**Project Office of Urban Development and Building Construction Baglung**

Ph. No.: 068-524030, E-mail: pudbcbaglung@gmail.com

**INVITATION FOR BIDS (IFB)**

IFB NO.: NCB/02/080/81

**Date of Publication: 2080-05-27 BS (13th September 2023 AD)**

Department of Urban Development and Building Construction, Project Office of Urban Development and Building Construction (PUDBC), Baglung invites **electronic bids** for construction of following works under National Competitive Bidding procedures. All other information ,mandatory document and bid documents can be downloaded from PPMO'S website: **www.bolpatra.gov.np/egp**. All eligible bidders are requested to **submit** their **e-bid** with the requested documents within mentioned period.

| S.N. | Project Name | Contract ID | Project Cost With PS and VAT | Bid Security |
|---|---|---|---|---|
| 1 | Upgrading of Parbat District Kusma Municipality -01, Sahsradhara-Tallopang Road | PUDBC/Baglung/Works/NCB/10/080/81 | 2,904,274.21 | 73000 |
| 2 | Upgrading of Parbat District Kusma Municipality-01, Taar-Kharibot-Banau Road | PUDBC/Baglung/Works/NCB/11/080/81 | 2,900,683.47 | 73000 |
| 3 | Upgrading of Parbat District Kusma Municipality -01, Nuwara-Pahadada-Tatarkote Road | PUDBC/Baglung/Works/NCB/12/080/81 | 2,905,141.82 | 73000 |
| 4 | Upgrading of Parbat District Bihadi Rural municipality-6 Chhachanne charkang-Setibeni Syangja Gulmi Connecting road | PUDBC/Baglung/Works/NCB/13/080/81 | 4,832,644.71 | 121000 |
| 5 | Upgrading & Construction of Rati Khola-Darak-Chittrae Road Modi Rural municipality-06, Parbat. | PUDBC/Baglung/Works/NCB/14/080/81 | 4,829,708.77 | 121000 |
| 6 | Upgrading & Construction of Baguwa-Fedi-Thapa-Karkineta Road, Phalewas Municipality -03, Parbat. | PUDBC/Baglung/Works/NCB/15/080/81 | 9,659,072.80 | 242000 |
| 7 | Upgrading & Construction of Modibeni-Harharae Dil-Cycle Chowk Road, Kushma Municipality -09, Parbat. | PUDBC/Baglung/Works/NCB/16/080/81 | 2,898,278.21 | 73000 |
| 8 | Upgrading & Construction of Dautikhet-Katuwachaupari- Durgaghar-Aglopool Road, Kushma Municipality -09, Parbat. | PUDBC/Baglung/Works/NCB/17/080/81 | 2,897,956.07 | 73000 |
| 9 | Upgrading & Construction of Purano Pairo-Puneshwor Ma V -Puwa-ThulePokhari Road,Kushma Municipality -10, Parbat. | PUDBC/Baglung/Works/NCB/18/080/81 | 2,898,202.34 | 73000 |
| 10 | Upgrading & Construction of Gahatae-Arthardadakharka-Majkatara Road, Kushma Municipality -14, Parbat. | PUDBC/Baglung/Works/NCB/19/080/81 | 2,898,169.02 | 73000 |
| 11 | Upgrading of Panitanki to Bishun chauka road, Phalewaas municipality-05, Parbat | PUDBC/Baglung/Works/NCB/20/080/81 | 2,900,041.26 | 73000 |
| 12 | Upgrading of Parbat District Kushma Municipality-3 Kafal Chaur Mukhiya Dadapar Road | PUDBC/Baglung/Works/NCB/21/080/81 | 3,866,456.78 | 97000 |
| 13 | Upgrading of Parbat district phalewas municipality-11, Kaunas to Jholungeghat Road | PUDBC/Baglung/Works/NCB/22/080/81 | 2,900,177.04 | 73000 |

**Project Chief**

# बागमती प्रदेशमा नयाँ सहकारी दर्ता नहुने

**काभ्रे (प्रस)–** बागमती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारीमन्त्री पुकार महर्जनले बागमती प्रदेशभित्र अब कुनै पनि प्रकारका नयाँ सहकारी दर्ता नहुने बताएका छन् ।

उनले जिल्ला सहकारी सङ्घ लिमिटेड (डिस्कोफ) काभ्रेपलाञ्चोकको ४२औं वार्षिक साधारणसभालाई आज बनेपामा सम्बोधन गर्दै मन्त्रालयमार्फत प्रदेशभित्रका जिल्लास्थित सरोकारवादला निकायलाई कुनै पनि प्रकारका नयाँ सहकारी दर्ता नगर्न आदेशसमेत दिइसकेको बताए ।

'सहकारीका विषयमा विभिन्न टीकाटिप्पणी र विभिन्न सहकारी समस्याग्रस्त भएकोबारे मन्त्रालयमा निवेदन आइरहेका छन्, परिस्थिति सवल नभएसम्म नयाँ सहकारी दर्ता नगर्न आदेश दिएका छौँ, नयाँ दर्ता भएका पनि छैनन्', मन्त्री महर्जनले भने । उनले समस्याग्रस्त सहकारीले नियम, कानुन मिचेर कारोबार गरी नागरिकलाई झन्झट, दुःख दिएको पाइए कारबाही गर्ने चेतावनीसेमत दिए । उनले भने, 'सही बाटोमा हिँडेका सहकारीलाई संरक्षण पनि गर्छौं, गलत गरेको पाइए कडा कारबाही गर्छौं, कसैलाई छुट दिँदैनौं ।'

मन्त्री महर्जनले सहकारी धराशायी भए नागरिकको बचत पनि धराशायी हुने भएकाले सहकारी र बचतकर्ताबीचको विश्वास पुनर्जिवित गर्नुपर्ने आवश्यकता औँल्याए । 'स्थानीयस्तरमा आर्थिक अप्ठेरो पर्दा गर्जो टारेको र घरेलु उद्योग गर्नसमेत सहकारीले सहयोग गरेकाले पनि सरकारले सहकारी आन्दोलन बिर्सनुहुँदैन', उनले भने, । उनले प्रदशेस्तरमा सहकारीको अनुगमन गर्ने छुट्टै समिति निर्माण गरिने उल्लेख गर्दै समस्याग्रस्त सहकारी घोषणाको तयारी भइरहेको बताए ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासङ्घका अध्यक्ष मिनराज कँडेल, जिल्ला समस्वय समिति काभ्रेपलाञ्चोकको प्रमुख दीपक गौतम, बनेपा नगरपालिका प्रमुख शान्तिरत्न शाक्यलगायतले शुभकामना व्यक्त गरेका थिए । सो अवसरमा नगरको सहकारीको अनुगमन गरी देखिएका समस्यामा समन्वय गरेकोमा बनेवा नगरपालिकालाई सम्मान गरिएको थियो । डिस्कोफका जिल्लाध्यक्ष दिलीप शर्माले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ